# भाग ४

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४१।९।६ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत रहेको " औषधि व्यवस्था विभाग " लाई स्वास्थ्य मन्त्रालयअन्तर्गत राखिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले देहायको मितिको निर्णयानुसार देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

| क्र.सं. | नाम र थर | साविक पद र कार्यालय | निर्णय मिति |
|---|---|---|---|
| १. | श्री इन्द्रमणि शर्मा | शाखा अधिकृत, शिक्षा तथा संस्कृति मन्त्रालय । | २०४१।१२।२६ |
| २. | श्रीमती सिद्धि सिंह | शाखा अधिकृत, परीक्षा नियन्त्रण कार्यालय । | " |
| ३. | श्री बुद्धिधर सिग्द्याल | प्रोक्योरमेण्ट अधिकृत, खानी तथा भूगर्भ विभाग । | २०४२।१।३ |
| ४. | श्री बोधजंगध्वज कार्की | शाखा अधिकृत, वन तथा भू-संरक्षण मन्त्रालय । | २०४२।१।१४ |
| ५. | श्रीमती तुला राणा | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | " |

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८०